# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७२।७३

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च व्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७२।७३ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो ।
- ललितपूर जिल्ला, बाफल १७ स्थित सानो आशा नेपालको नानीहरुको लागि टस राखेर कोठा निमार्ण गरियो ।
- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लङ्केश्वर निम्न माध्यामिक विद्यालयमा अध्ययनरत् सम्पर्ण विद्यार्थीहरुको लागि शैक्षिक सत्र २०७३ मा झोला, बर्षादी, टिफिन बक्स, तथा अन्य व्यक्तिगत सरसफाईका सामाग्रीहरु वितररण गरियो ।
- यस वर्षबाट ६ जना विद्यार्थीहरुले SLC पास गरेकाले उनीहरुलाई उच्च शिक्षाको लागि पनि सहयोग गरियो ।

## अन्य संचालित कार्यक्रमको विवरण

१.

| क.सं | कार्यक्रमको नाम | **शैक्षिक छात्रवृत्ति कार्यक्रम** |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर |
| ४. | कार्यक्रमको मुख्य उद्देश्य | • शिक्षाको पहुँच नपुगेका बालबालिकाहरुलाई सर्बसुलभ तरिकाले शिक्षा प्रदान गर्ने । <br> • बच्चाको पढ्न पाउने अधिकार सुनिश्चित गर्ने । <br> • आर्थिक अवस्था कमजोर भएका वालवालिकाहरुलाई आवश्यक पर्ने शैक्षिक सहयोग जुटाउने । |
| ५. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • शैक्षिक खर्चको लागि रकम जुटाउन आवश्यक पहल गरियो । <br> • शैक्षिक खर्च वितरण गरियो । <br> • विद्यार्थीहरुको प्रगति विवरण संकलन गरि sponsor हरुलाई पठाईयो । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धि | • यस परियोजनाले गर्दा विभिन्न स्थानमा रहेका अनाथ तथा गरीब वालवालिकाहरुले पढ्न तथा अन्य शैक्षिक सुबिधाहरु पाइरहेका छन् । <br> • विभिन्न गरिब परिवारहरुलाई आफ्नो नानीहरुको शैक्षिक भार धेरै हदसम्म न्युन भएको छ । |
| ७. | लाभान्वित संख्या | ६० जना भन्दा माथि |

| क.सं | कार्यक्रमको नाम | Helping Hands Program |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर, |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।<br>• संस्थाद्धारा शैक्षिक सहयोग गरिएकी नानीहरु सुस्मिता सुन्दास तथा सुष्मा सुन्दासको परिवार, को लागि टस राखेर अस्थाई आवास निर्माण गर्न सहयोग गरियो ।<br>• काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्श्वर निम्न माध्यामिक विद्यालयमा अध्ययनरत् सम्पर्ण विद्यार्थीहरुको लागि शैक्षिक सत्र २०७३ मा झोला, बर्षादी, टिफिन बक्स, तथा अन्य ब्यक्तिगत सरसफाईका सामाग्रीहरु वितररण गरियो ।<br>• ललितपूर जिल्ला, बाफल १७ स्थित सानो आशा नेपालको नानीहरुको लागि टस राखेर कोठा निमार्ण गरियो ।<br>• विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै अतिरिक्त कार्यक्रम (भाषा, कम्प्युटर ) तालिम खर्च आदि उपलब्ध गराईयो ।<br>• संस्थाद्धारा शैक्षिक सहयोग गरिएका नानीहरु एलिसा थापामगर तथा सुनिता माझीको को परिवारको (एकल आमा) लागि घरभाडा उपलब्ध गराईयो । |
| ५.. | कार्यक्रमको मुख्य उद्देश्य | • संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्वन्धन प्राप्त ब्यक्तिहरुलाई आवश्यक परेको सहयोग उपलब्ध गराउने । |

| | | |
|---|---|---|
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • सुरक्षित आवास ।<br>• प्राथमिक कुराहरुमा पँहुचको सृजना साथै आपसी खुशीको सृजना । |
| ७. | लाभान्वित संख्या | • १०० जना भन्दा माथि |

३.

| **क.सं** | **कार्यक्रमको नाम** | Women Entrepreneurship Program |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | बर्दिया, बाँसगडी - ७, मटेरिया |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • यस प्रोजेक्ट अन्तर्गत बर्दिया जिल्ला, बाँसगडी नगरपालिका, वडा नं ७, मटेरियामा कोठा भाडामा लिएर आवश्यक सम्पुर्ण सामाग्री उपलब्ध गराई २५ जना थारु महिला प्रशिक्षार्थीहरुलाई संलग्न गरि २ जना प्रशिक्षक राखेर तिन महिने सिलाई कटाई तथा एक महिने लघु वित्त सम्बन्धि तालिम सम्पन्न गरियो । |
| ५. | कार्यक्रमको मुख्य उद्देश्य | • थारु महिलाहरुलाई सिपमुलक तालिमहरु दिएर उद्यमशिल बनाउने । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • सिलाई कटाई सम्बन्धि आधारभुत जानकारी प्राप्त गरि प्रशिक्षार्थीहरु आफ्नै सानो ब्यवसाय शुरुवात गर्न सक्षम भएका छन् । |
| ७. | लाभान्वित संख्या | • २७ जना । |

.

आर्थिक वर्ष २०७२।७३ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

<u>संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने व्यक्ति</u>

नाम : प्रमिला के.सी.

हस्ताक्षर :

पद : अध्यक्ष

मिति : २०७३/४/१५

छाप :